National News Bulletin

आकाशवाणी

JAN 16, 2023

प्रमुख समाचार:

- भारतीय राष्ट्रपतिले सिङ्गापुरका राष्ट्रपतिलाई गर्नुभयो औपचारिक स्वागत
- प्रधानमन्त्रीका अध्यक्षतामा केन्द्रिय मन्त्रिपरिषदको बैठक सम्पन्न
- यस वर्षको गणतन्त्र दिवस समारोहमा इन्डोनेसियाका राष्ट्रपति प्रमुख अतिथि रहनुहुने
- भारतीय रक्षामन्त्री र बेलायती रक्षामन्त्रीबीच रक्षा सहयोगसम्बन्धी टेलिफोन वार्ता
- इसरोद्वारा स्पेसेक्स मिशन अन्तर्गत दुई उपग्रहको डकिङ प्रक्रिया सफलतापूर्वक पूरा

## Prez welcoms Singapore Prez

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले सिङ्गापुरका राष्ट्रपति थर्मन शनमुगरत्नमलाई आज राष्ट्रपति भवनमा औपचारिक स्वागत गर्नुभयो। सो अवसरमा प्रधानमन्त्री श्री नरेन्द्र मोदी पनि उपस्थित हुनुहुन्थ्यो। श्री थर्मनले राजघाट पुगी महात्मा गान्धीलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो। उहाँले आज साँझ राष्ट्रपति भवनमा राष्ट्रपति मुर्मुसँग विचार-विमर्श गर्नुहुनेछ। राष्ट्रपति मुर्मुले उहाँका सम्मानमा भोजको आयोजना गर्न ुहुनेछ। प्रधानमन्त्री श्री मोदीले पनि राष्ट्रपति थर्मनसँग भेट गर्नुहुनेछ। राष्ट्रपति थर्मन भोलिदेखि १८ तारिखसम्म ओडिशाक ा भ्रमणमा रहनुहुनेछ।

## Cabinet Decision

प्रधानमन्त्री श्री नरेन्द्र मोदीक ा अध्यक्षतामा आज केन्द्रीय मन्त्रिपरिषद्को बैठक बस्यो। बैठकपछि सूचना तथा प्रसारणमन्त्री श्री अश्विनी वैष्णवले मन्त्रिपरिषद्ले दुईवटा महत्त्वपूर्ण निर्णय गरेको जानकारी दिनुभयो। मन्त्रिपरिषद्ले केन्द्रीय सरकारी कर्मचारीहरूक ा लागि 8 औ ँ वेतन आयोगलाई अनुमोदन गरेको र वेतन आयोगका सिफारिसहरू 2026 मा लागू हुने श्री वैष्णवले बताउनुभयो। साथै, उहाँले भन्नुभयो, अन्तरिक्ष क्षेत्रक ा विषयमा मन्त्रिपरिषद्ले ठूलो निर्णय गरेको छ र तेस्रो प्रक्षेपण प्याडले सन् २०४० सम्म चन्द्रमामा पुग्ने देशक ा लक्ष्यमा महत्त्वपूर्ण भूमिका खेल्नेछ। तेस्रो प्रक्षेपण प्याड 3 हजार 9 सय 85 करोडक ा लागतमा स्वीकृत भएको पनि श्री वैष्णवले बताउनुभयो।

## Rep. Day Chief Guest

यस वर्षको ७६ औ ँ गणतन्त्र दिवस समारोहमा इन्डोनेसियाका राष्ट्रपति श्री प्राबोभो सुब्यान्टो प्रमुख अतिथि रहनुहुनेछ। प्रधानमन्त्री श्री नरेन्द्र मोदीक ा निमन्त्रणामा राष्ट्रपति सुब्यान्टोले जनवरी २५ र २६ मा भारतको राजकीय भ्रमण गर्नुहुनेछ। विदेश मन्त्रालयका अनुसार सन् २०२४ क ा अक्टोबरमा कार्यभार सम्हालेपछि राष्ट्रपति प्रबोभोको यो पहिलो भारत भ्रमण हुनेछ। भ्रमणले दुई

देशबीच द्विपक्षीय सम्बन्धको व्यापक समीक्षा गर्नका साथै आपसी हितका क्षेत्रीय तथा विश्वव्यापी मुद्दाहरूमा छलफल गर्ने अवसर प्रदान गर्नेछ। भारत र इन्डोनेसियाबीच न्यानो र मैत्रीपूर्ण सम्बन्ध रहँदै आएको छ। एक व्यापक रणनीतिक साझेदारको रूपमा, इन्डोनेसिया भारतको ऐक्ट ईस्ट नीति र हिन्द-प्रशान्त क्षेत्रको महत्त्वपूर्ण स्तम्भ हो।

Defence Minister

रक्षामन्त्री श्री राजनाथ सिंहले आज बेलायती रक्षामन्त्री श्री जोन हेलीसँग टेलिफोन वार्ता गर्नुभयो। दुई मन्त्रीले रक्षा सहयोगबारे छलफल गर्नुभयो र द्विपक्षीय सम्बन्धलाई गति दिनुपर्नेमा जोड दिनुभयो। नेताद्वयले विद्युतीय प्रोपल्सन र जेट इन्जिनजस्ता विशेष रक्षा प्रविधि क्षेत्रमा दुई देशबीच भएको प्रगतिको समीक्षा गर्नाका साथै हिन्द-प्रशान्त क्षेत्रमा बेलायतको बढ्दो चासोका साथ, दुई देशले  २०२५ मा संयुक्त कार्य र बढ्दो सामुद्रिक भागीदारी मार्फत हुने सहयोगबारे पनि छलफल गर्नुभयो।

ISRO-Chazer & Lakshya

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन, ISRO ले आज स्पेसेक्स मिशन अन्तर्गत चेजर र लक्ष्य नामक दुई उपग्रहको डकिङ प्रक्रिया सफलतापूर्वक पूरा गरेर ऐतिहासिक उपलब्धि हासिल गरेको छ। ISRO द्वारा स्वदेशी रूपमा विकसित भारतीय डकिङ प्रणालीको सफलतापछि भारत, अमेरिका, रूस र चीनपछि यो प्रविधि प्रयोग गर्ने चौथो देश बनेको छ। डकिङ प्रविधि अन्तरिक्ष स्टेशन निर्माण र मानव मिसनका लागि महत्त्वपूर्ण छ।

Mahakumbh-Foreign Delegates

विदेश मन्त्रालयले निमन्त्रणा गरेको अन्तरराष्ट्रिय प्रतिनिधिमण्डल हिजो महाकुम्भमा पुगिसकेको छ। त्रिवेणी संगममा आज १० देशका २१ सदस्यीय प्रतिनिधिमण्डलले पवित्र स्नान गरेका छन्। प्रतिनिधिमण्डलले महाकुम्भ मेला क्षेत्रको पनि भ्रमण गरे र हेरिटेज वाक मार्फत सदस्यहरूले प्रयागराजको सांस्कृतिक तथा ऐतिहासिक सम्पदालाई नजिकबाट नियाले। अन्तर्राष्ट्रिय प्रतिनिधिमण्डलमा फिजी, फिनल्यान्ड, गुयाना, मलेसिया, मौरिसस, सिंगापुर, दक्षिण अफ्रिका, श्रीलंका, ट्रिनिडाड तथा टोबागो र संयुक्त अरब इमिरेट्सका प्रतिनिधिहरू सामेल छन्।

Dr. Mandavia

श्रम तथा रोजगार मन्त्री डा. मनसुख मण्डाभियाले नयाँ दिल्लीमा आयोजित रोजगारीको भविष्यसम्बन्धी सम्मेलनमा बोल्दै, सीप तथा मापदण्डको पारस्परिक पहिचान जस्ता पहलबाट विश्वव्यापी जनशक्ति अभावलाई कम गर्ने क्षमता भारतसँग रहेको बताउनुभयो। श्री मन्डाभियाले

सीपहरू प्रदान गर्न प्रमाणपत्रमा मात्र सीमित हुनु नहुने कुरामा जोड दिनुभयो। उहाँले उद्योग र स्वरोजगारी क्षेत्रको गतिशील माग पूरा गर्न व्यावहारिक सीप भएका व्यक्तिमा केन्द्रित हुनुपर्ने अनि उद्योग र शिक्षाविद्सँग बलियो सम्बन्ध राखेर भारतको विशेष आवश्यकता अनुरूप सीप मोडलहरू विकास गर्न सकिने बताउनुभयो।

## Gadkari-Conclave

केन्द्रीय सडक, यातायात तथा राजमार्ग मन्त्री श्री नितिन गडकरीले सरकार नागरिकका लागि सडक सुरक्षा सुनिश्चित गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ। उहाँले नयाँ दिल्लीमा सडक सुरक्षासम्बन्धी दोस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै, सडक दुर्घटनामा हुने मृत्युमध्ये लगभग 66 प्रतिशत 18 देखि 45 वर्ष उमेर समूहका रहेको जानकारी दिनुभयो। श्री गडकरीले सरकारले गाडीको पछाडिको सिटमा बस्नेले सिट बेल्ट लगाउन अनिवार्य गरेको भन्दै विद्युतीय ब्रेकिङ प्रणालीजस्ता प्रविधिमा जोड दिनुपर्ने बताउनुभयो र सम्बन्धित अधिकारीहरूलाई सडकमा पूर्ण सुरक्षा सुनिश्चित गर्न सावधानीहरूबारे मानिसहरूलाई शिक्षित गर्न आग्रह गर्नुभयो।

## Delhi Nomination

दिल्ली विधानसभा चुनावका लागि उम्मेदवारी दर्ता गर्न एक दिन बाँकी रहेको छ। यसअघि आज विभिन्न राजनीतिक दलका उम्मेदवारहर ूले उम्मेदवारी दर्ता गराए। उम्मेदवारहरूले उम्मेदवारी दर्ता गर्नुअघि रोड शो, जनसम्पर्क भ्रमण र जनतासँग भेटघाट गरेको हाम्रा संवाददाताले जानकारी दिएका छन्। यी जनसभामा राजनीतिक दलका प्रमुख प्रचारक पनि सहभागी भएर आफ्ना उम्मेदवारक ा पक्षमा मत मागेका थिए। यसबीच, चुनावको कार्यतालिका घोषणा भएपछि जारी भएको आदर्श आचारसंहितालाई ध्यानमा राख्दै, दिल्ली नगर निगमले सहरमा विशेष अभियान सुरु गरेको छ। यस अभियान अन्तर्गत आज ११ हजारभन्दा बढी राजनीतिक दलका साढे सात हजारभन्दा बढी होर्डिङ, ३६ हजारभन्दा बढी पोस्टर, ब्यानर र झण्डा हटाइएका छन्। विशेष अभियान अन्तर्गत निगमले हालसम्म आठ लाख १६ हजारभन्दा बढी ब्यानर, पोस्टर, होर्डिङ हटाइसकेको छ।

## Prez-National Sports Award

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भोलि राष्ट्रपति भवनमा राष्ट्रिय खेलकुद पुरस्कार २०२४ प्रदान गर्नुहुनेछ। विश्व चेस च्याम्पियन डी गुकेश, पेरिस अलम्पिकमा दोहोरो पदक विजेता मनु भाकेर, भारतीय हक्की टोलीका कप्तान हरमनप्रीत सिंह र पेरिस प्याराओलम्पिकमा स्वर्ण पदक विजेता प्रवीण कुमारलाई मेजर ध्यानचन्द खेल रत्न पुरस्कार प्रदान गरिनेछ। विगत चार वर्षक ा अवधिमा खेलकुदक ा क्षेत्रमा उत्कृष्ट प्रदर्शन गरेबापत यो अवार्ड प्रदान गरिन्छ। त्यसै गरी ३२ जना खेलाडीलाई अर्जुन पुरस्कार दिइनेछ।

## Badminton-Indian Open

ब्याडमिन्टनमा पीभी सिन्धुले आज जापानकी मनामी सुइजुलाई दोस्रो चरणमा पराजित गर्दै, इन्डिया ओपनको क्वार्टरफाइनलमा प्रवेश गरेकी छन्। सिन्धुले नयाँ दिल्लीस्थित इन्दिरा गान्धी इन्डोर स्टेडियममा ४६ मिनेटको खेलमा आफ्नी प्रतिद्वन्द्वीलाई २१-१५, २१-१३ ले हराइन्। सिन्धुले भोलि इन्डोनेसियाकी ग्रेगोरिया मारिस्का तुन्जुङविरुद्ध खेल्नेछिन्। पुरुष एकलमा, किरण जर्ज फ्रान्सका एलेक्स लानियरलाई हराएर क्वार्टरमा पुगेका छन्। किरणले एलेक्सलाई ४६ मिनेटमा २२-२०, २१-१३ ले हराएका हुन्। जर्जले भोलि क्वार्टरफाइनलमा चीनका वेङ होङयाङविरुद्ध खेल्नेछन्। महिला युगलमा तनिशा क्रास्टो र अश्विनी पोनप्पाको जोडीले राउण्ड अफ १६ मा जापानका युकी फुकुसिमा र मायु मात्सुमोटोसँग ९-२१, २१-२३ ले हार बेहोरेको छ।

## Tennis

अस्ट्रेलियन ओपन टेनिस प्रतियोगितामा भारतका एन. श्रीराम बालाजी र उनको मेक्सिकन जोडी मिगुएल एन्जल रेयेस-भेरेला दोस्रो चरणमा पुगेका छन्। यस जोडीले आज बिहान सम्पन्न पुरुष युगलको पहिलो चरणमा काजाकिस्तानका अलेक्जेन्डर नेदोभेत्सोभ र नेदरल्यान्ड्सका रोबिन हासेको जोडीलाई ६-४, ६-३ ले हराएको हो। यस प्रतियोगितामा बालाजी मात्रै भारतीय खेलाडी हुन्। यसअघि पुरुष युगलमा भारतका अनिरुद्ध चन्द्रशेखर र उनका जोडी पोल्याण्डका कारोल ड्रजेबीच प्रतियोगिताबाट बाहिरिएका छन्।

अन्त्यमा प्रमुख समाचार पुन: एकपटक

- भारतीय राष्ट्रपतिले सिङ्गापुरका राष्ट्रपतिलाई गर्नुभयो औपचारिक स्वागत
- प्रधानमन्त्रीका अध्यक्षतामा केन्द्रिय मन्त्रिपरिषदको बैठक सम्पन्न
- यस वर्षको गणतन्त्र दिवस समारोहमा इन्डोनेसियाका राष्ट्रपति प्रमुख अतिथि रहनुहुने
- भारतीय रक्षामन्त्री र बेलायती रक्षामन्त्रीबीच रक्षा सहयोगसम्बन्धी टेलिफोन वार्ता
- इसरोद्वारा स्पेसेक्स मिशन अन्तर्गत दुई उपग्रहको डकिङ प्रक्रिया सफलतापूर्वक पूरा